मितिः २०७८।११।१५

# पोखरा विश्वविद्यालय व्यवस्थापन अध्ययन संकाय अन्तर्गतको स्नातकोत्तर तहको छात्रवृत्तिमा अनलाइन दरखास्त फाराम भर्ने उम्मेदवारहरुको लागि अत्यन्त जरुरी सूचना !

पोखरा विश्वविद्यालय व्यवस्थापन अध्ययन संकाय अन्तर्गतको (**एमविए, एमसिआइएस र एमएचसिएम**) विभिन्न कार्यक्रमहरुमा नियमानुसार छात्रवृत्तिमा अध्ययन अध्यापन गराउन मिति २०७८।११।१५ गते आइतबारका दिनदेखि अनलाइन फाराम भर्ने व्यवस्था हुदै आएको र यो व्यवस्था यही मिति २०७८।१२।०२ गते बुधबारसम्म रहने व्यहोरा सर्बप्रथम सम्बन्धित सबैको लागि जानकारी गराइन्छ । दरखास्त दिने उम्मेदवारहरुले यो लिङ्क **(Website: https://pu.edu.np/ अथवा https://scholarship.pu.edu.np)** मा गइ तपशिल बमोजिम गर्न सम्बन्धित सबैलाई सूसुचित गरिन्छ ।

१) सम्बन्धित लिङ्कमा गइ छात्रवृत्ति सम्बन्धि **Detail Notice** को राम्रो अध्ययन गर्नु होला ।

२) उम्मेदवारहरुले परीक्षा दिन आउदा अनलाइन फाराम भर्दा पेश गरिएका सिफारिस पत्रको सक्कल प्रति र अन्य कागजातहरुको प्रतिलिपिहरु अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

३) अनलाइन दरखास्त फाराम कसरी र के गरेर भर्ने भनि भिडियो (https://youtu.be/WhtaEnU-QIM) अपलोड गरिएको छ उक्त भिडियोलाई राम्रो सँग हेर्नु होला ।

४) उम्मेदवारहरुले अनलाइन फाराम भर्दा अनिवार्य आफ्नो Gmail ID बनाउनु पर्नेछ ।

५) उम्मेदवारहरुको आफ्नो Email मा Gmail ID को Verification code आएपछि मात्र अनलाइन फाराम भर्नुपर्ने छ

६) आफु कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सार्वजनिक विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गर्नुभएको हो भने त्यस्ता उम्मेदवारहरुले सार्वजनि विद्यालयमा अध्ययन गरेको सिफारिस अनुसूचि-२ को फरम्याटमा नै पेश गुर्नपर्ने भएको हुदा उक्त फरम्याट दिएकै लिङ्कमा उपलब्ध हुने भएकोले अनिवार्य रुपमा उम्मेदवारहरुले सो फरम्याट डाउनलोड गरी सार्वजनिक विद्यालय अध्ययन गरेको सिफारिस उक्त फरम्याटमानै बनाइ पेश गर्नुपर्ने छ ।

७) उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए सम्बन्धित उम्मेदवारहरुलाई एकपटकसम्म मात्र Re-Submit गर्ने अवसर हुनेछ ।

८) उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए र एकपटक Re-Submit को मौका पनि पाइसकेको भए त्यस्तो उम्मेदवारहरुको फाराम रुजुगर्ने रुजुकर्ताले पेश हुन आएको कागजातहरुको आधारमा खुला र आरक्षण जे मा समावेश गर्न मिल्छ सोही अनुसार उम्मेदवारहरुलाई समावेश गरिनेछ । अन्यथा नियमानुसार फाराम रद्ध हुनेछ ।

व्यवस्थापन अध्ययन संकाय
स्नातकोत्तर तह छात्रवृत्ति छनोट समिति, २०७८
पोखरा विश्वविद्यालय